# चिशंखुगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सेर्ना, ओखलढुंगा

पत्र संख्याः २०७८/०७९ प्रदेश नं. १, नेपाल

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/०९/११)

चिशंखुगढी गाउँपालिकाको मिति २०७८/०९/११ गतेको निर्णयानुसार चिशंखुगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ बमोजिम तपसिलमा उल्लेखित पदहरु करार सेवामा पदपूर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक उम्मेदवारहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा रीतपूर्वक फाराम भरी दरखास्त पेश गर्न हुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र. सं. | विज्ञापन नं. | सेवा | समूह | पद | तह | माग पद संख्या | शैक्षिक योग्यता | दस्तुर (रु.) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ०६/०७८/७९ | नेपाल स्वास्थ्य | हे.ई. | हे.अ. (H.A) | सहायकस्तर (पाँचौं) | १ (एक) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिष्टेण्ट कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता नवीकरण भएको । | ७००/- | |
| २ | ०७/०७८/७९ | नेपाल स्वास्थ्य | हे.ई. | अ.हे.ब. (A.H.W) | सहायकस्तर (चौथो) | २ (दुई) | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सि.एम.ए. (C.M.A.) कोर्ष उत्तीर्ण गरी सम्बन्धित काउन्सिलमा दर्ता नवीकरण भएको । | ५००/- | |
| ३ | ०८/०७८/७९ | ईन्जिनियरिङ | सिभिल | सब-ईन्जिनियर | सहायकस्तर (पाँचौ) | १ (एक) | सिभिल इन्जिनियरिङ्गमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको । | ७००/- | |

१. **शर्तः** नेपाली नागरिक भएको तथा प्रचलित कानूनद्वारा अयोग्य नठहरिएको हुनु पर्नेछ ।

२. **दरखास्तको साथ पेश गर्नु पर्ने कागजातहरु :-** शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नागरिकता प्रमाण पत्रको प्रतिलिपि, बायो डाटा, सम्बन्धित काउन्सिलमा दर्ता नवीकरण भएको प्रतिलिपि, कार्य अनुभव भए अनुभव प्रमाणपत्रको प्रतिलिपि तथा प्रचलित कानून बमोजिमका अन्य कागजातहरु

३. **उमेर :-** दरखास्त दिने अन्तिम मिति सम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनु पर्नेछ ।

४. **दरखास्त दिने अन्तिम मितिः** २०७८।०९।२५ गते कार्यालय समय भित्र दरखास्त दिन सकिनेछ ।

५. **दरखास्त दस्तुर :-** यस चिशंखुगढी गाउँपालिकाको कुमारी बैंक लिमिटेडमा रहेको आन्तरिक राजश्व खाता नं. ०९२००४८६२५४०००३ मा जम्मा गरी सक्कलै भौचर पेश गर्ने वा गाउँपालिकाको राजश्व शाखामा आम्दानी रसिद काटी नगद जम्मा गरेको सक्कल रसिद पेश गर्ने । (Account Name: CHISANKHUGADI GAUPALIKA-ANTARIK RAJASHWO KHATA GA 1.1 )

६. **परीक्षाको किसिम :-** संक्षिप्त सूचि तथा अन्तवार्ता (सब-ईन्जिनियर पदको हकमा संक्षिप्त सूचि, लिखित परीक्षा तथा अन्तवार्ता ।)

७. **परीक्षाको मिति, समय र स्थान :-** दरखास्त पेश गर्ने अन्तिम मितिबाट ७ (सात) दिन भित्र संक्षिप्त सूची प्रकाशन गरिनेछ तथा अन्तर्वार्ता हुने मिति, समय र स्थान सोही दिन तोकिनेछ ।

८. **पाठ्यक्रमः** चिशंखुगढी गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७७ ले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **दरखास्त पेश गर्ने स्थानः** चिशंखुगढी गाउँ कार्यपालिकाको कार्यालय, सेर्ना ओखलढुंगा अथवा E-Mail मार्फत पनि फारम भरी दरखास्त पेश गर्न सकिनेछ ।

१०. **पारिश्रमिक तथा सेवा सुविधाः** प्रचलित कानून अनुसार सम्बन्धित तहको लागि तोकिए बमोजिम हुनेछ ।

११. **कार्यविवरणः** पदिय जिम्मेवारी बमोजिम तोकिएका कार्य ।

१२. **करार अवधिः** कार्यपालिकाको निर्णयानुसार ।

सिंहराज डाँगी
प्रमुख प्रशासकीय अधिकृत

***द्रष्टव्यः- अन्य थप जानकारीका लागि चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको फोन नं. ९८५२८५५५७९ मा सम्पर्क गर्न सकिनेछ । साथै दरखास्त फारम गाउँपालिकाको website: www.chishankhugadhimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।***